# सर्वोच्च अदालत

## प्रेस विज्ञप्ति

सर्वोच्च अदालतको निमन्त्रणामा रुसी महासंघको सर्वोच्च अदालतका अध्यक्ष Rt. Hon. Mr. Vyacheslav M. Lebedev ले २०७६ श्रावण ६ देखि श्रावण ९ सम्म नेपालको औपचारिक भ्रमण गर्नु भएको छ । भ्रमणमा Judicial Department का कार्यकारी निर्देशक Hon. Mr. Alexandar V. Gusev र सम्माननीय अध्यक्षज्यूको नीजि सहायक Mr. Dimitry V. Polyakov को समेत सहभागिता रहेको थियो ।

उच्चस्तरीय भ्रमणदलले श्रावण ७ गते सर्वोच्च अदालतमा नेपालको प्रधानन्यायाधीशज्यूसँग औपचारिक छलफल गरेको थियो । छलफलमा दुई देशका न्यायपालिका वीचको आपसी सम्वन्ध, न्यायपद्दतिको सुधारको योजनाहरु, सूचना प्रविधिको प्रयोग र एक आर्काको अनुभव आदान प्रदान सम्बन्धमा छलफल भएको थियो। छलफलमा सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश श्री दीपककुमार कार्की, रजिष्ट्रार श्री लालबहादुर कुँवर, रजिष्ट्रार श्री नारायणप्रसाद पन्थी, रुसी महासंघको नेपालस्थित राजदुतावासका Charge de Affairs, a.i. Yuri I. Yuzhaninov र Chief of Protocol Mr. Artem V. Blashchanitsa तथा र परराष्ट्र मन्त्रालयका प्रतिनिधिको समेत सहभागिता रहेको थियो।

सोही दिन साँझ रुसी महासंघका सर्वोच्च अदालतका अध्यक्षको सम्मानमा प्रधानन्यायाधीश श्री चोलेन्द्रशम्शेर ज.ब.रा.ले रात्रीभोजको आयोजना गर्नु भएको थियो । रात्रीभोजमा भ्रमणदल, सर्वोच्च अदालतका वरिष्ठ न्यायाधीशज्यूहरु, रजिष्ट्ररज्यूहरु, नेपालस्थित रुसी महासंघको दुतावासका प्रतिनिधि, र प्रधानन्यायाधीशज्यूको नीजि सहायकको सहभागिता रहेको थियो ।

औपचारिक भेटको क्रममा भ्रमणदलले सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीसँग प्रधानमन्त्रीको निवास बालुवाटारमा शिष्टाचार भेट गरेको थियो । यसैगरी, भ्रमणदलले महान्यायाधिवक्ता श्री अग्निप्रसाद खरेलसँग महान्यायाधिवक्ता कार्यालयमा भेट गरेको थियो।

भ्रमणदलले भ्रमण अवधिमा औपचारिक भेटघाट बाहेक नेपालको विभिन्न साँस्कृतिक, व्यापारिक, तथा कलाप्रदर्शनीका क्षेत्रहरुको समेत अवलोकन गरेको थियो।

भ्रमणदल श्रावण ९ गते स्वदेश फिर्ता भएको छ ।

२०७६ साल श्रावण ९ गते
सर्वोच्च अदालत, काठमाडौं